छाङ्गुमा घमाइलो दिनको आनन्द उठाइरहेका घरेलु पर्यटकहरू

समय दैनिक

वर्ष ४, अङ्क ३०२, गान्तोक, सोमबार, ०७ जनवरी, २००८, विक्रम संवत् २०६४, पुष २३ गते । Gangtok, Monday, 07 January, 2008 मूल्य : २ रुपियाँ

# अभियान्त्रिकी विद्यार्थीहरूका लागि बहुआयामिक कार्यक्रम

समय संवाददाता -
गान्तोक, ६ जनवरी ।

सिक्किम मनिपाल इन्स्टिट्यूट अव् टेक्नोलजी अनि एनइटीटीइसीएचले देशका विभिन्न संस्थानमा अध्ययनरत अभियान्त्रिकी विद्यार्थीहरूका लागि १८ दिने सञ्जाल तकनिकी अनि इथिकल ह्याकिङमाथि आयोजन गरेको प्रमाणपत्र कार्यक्रमअन्तर्गत आज विभिन्न प्रकारका साहसिक खेल सम्पन्न भयो। यो कार्यक्रम दिसम्बर महिनाको अन्तिम सातादेखि शुरु भएको र यसको उद्घाटन एसएमआइटीका निर्देशक एसएन मिश्रले गरेका थिए। कार्यक्रम समन्वयक सुनैना सेट्टीले बताएअनुसार यस तालिमको इथिकल ह्याकिङ शिर्षकअन्तर्गत विद्यार्थीहरूलाई विभिन्न विषयजस्तै इथिकल ह्याकिङबारे जानकारी, फूट प्रिन्टिङ, स्केनिङ, ट्रोजन्स, स्निफर्स, एसक्यूएल इन्जेक्सन, आइडीएस, सेसन हाइजेकिङलगायतका धेरै विषयमाथि जानकारी गराइनेछ। यस कार्यक्रमले विद्यार्थीहरूलाई विश्वमा सर्वाधिक रूपमा भइरहेको साइबर अपराधबारे जानकारी र यसलाई रोकथाम गर्ने उपायबारे ठूला शिक्षा मिल्ने उनले बताइन्।

कार्यक्रम आयोजन गर्नुको उद्देश्य देशका विभिन्न भागबाट आएका विद्यार्थीहरूले आ-आफ्नो क्षेत्रमा यी विषयहरूबारे जानकारी लिएर जनजागरण कार्यक्रमहरू गर्नेछन् भन्ने ध्येयले राखिएको हो। एनईटीटीईसीएच र अन्य संस्थानहरूको तत्परतामा वर्षैपिच्छे यस प्रकारका कार्यक्रम आयोजन गरिन्छ र सिक्किममा यो प्रथमपल्ट हो। यस प्रकारको कार्यक्रमसँगै विद्यार्थीहरूको शारिरिक स्वास्थ्य चुस्त राख्न साहसिक खेलहरू आयोजन गरिँदैछ। यी खेलहरूमध्ये रिभर राफ्टिङ, माउन्टेनियरिङ, नथुला क्षेत्रको भ्रमण अनि हेलिकप्टर राइड गराइनेछ।

विद्यार्थीहरूलाई रिभर राफ्टिङअन्तर्गत मल्ली बजारदेखि २९ माइलसम्म यो गराइयो भने हिजो र आज माउन्टेनियरिङ गराइँदैछ। यसका लागि दार्जीलिङको प्रसिद्ध माउन्टेनियरिङ इन्स्टीट्यूट एचएमआइका प्रतिनिधिहरूले विद्यार्थीहरूलाई विभिन्न प्रकारका तालिम दिँदैछन् जसअन्तर्गत र्‍यापलिङ, जमरिङ, सस्पेन्शन रोप र ट्रेभोलिङ ट्रभल्स आदि खेलहरू सम्पन्न गराइयो।

यस कार्यक्रमले आफूहरूको शैक्षिक साथै शारीरिक क्षमतामा पनि वृद्धि आएको विद्यार्थीहरूले बताए। यस कार्यक्रममा देशभरिका विभिन्न शैक्षिक संस्थानबाट ८० अभियान्त्रिकी विद्यार्थीहरूले भाग लिइरहेका छन् र यसको समापन १२ जनवरीका दिन हुनेछ।

